आज मिति २०८१ साल वैशाख २५ गते मङ्गलवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

### उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| | | | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

अशोक राई
अध्यक्ष
०८१/१/२५

**प्रस्तावहरु**

१. योजनाहरुको म्याद थप सम्वन्धमा
२. शिक्षा ज्योति आ.वि.पार्टेशनको लागि वजेट व्यवस्थापन सम्वन्धमा
३. सम्झौता गर्न वाँकी योजनाहरुको सम्झौता स्थगीत गर्ने सम्वन्धमा
४. भ्रमण स्वीकृति सम्वन्धमा
५. सिद्धथान पर्यटन विकास पूर्वाधार निर्माणको रनिङ विल भुक्तानी सम्वन्धमा
६. परिक्षा विदा स्वीकृति सम्वन्धमा
७. दाब्बुराङ्ग वनस्पती उद्यान सञ्चालन अनुदानको रकम भुक्तानी सम्वन्धमा
८. तेश्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा
९. डिजल तथा पेट्रोल खरीद सम्वन्धमा
१०. रासायनिक मल ढुवानी सम्वन्धमा
११. हेभेन्लि निर्माणा पाथ जिल्ला शाखा भोजपुरलाई स्वास्थ्य शिविर सञ्चालनको लागि नया सामुदायिक भवन उपलव्ध गराउने सम्वन्धमा
१२. छौड्खा साकेन्वाको दिन सार्वजनिक विदा दिने सम्वन्धमा
१३. चण्डेश्वर मा.वि.को प्रधानाध्यापक छनौट सम्वन्धमा
१४. "हात्तीपाईले मान्दुङमा खोला खानेपानी योजना (एक घर एक धारा कार्यक्रम) योजनाको लागत अनुमान स्वीकृत सम्वन्धमा
१५. सहिद स्मृती भवन व्यवस्थापन अनुदान सम्वन्धमा
१६. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण | योजना सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|
| १ | पञ्चवती प्रा.वि. घेरा तथा गेट निर्माण आमचोक-२ | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०२/३० |
| २ | बतासे दाङ्खा वोवेक महादेवस्थान सडक आमचोक-२ | २०८०।१२।३० | स्काभेटर मेसिन समयमा नपाएको | २०८१/०२/३० |
| ३ | वाछाराङ सडक मर्मत तथा निर्माण आमचोक-२ | २०८१।०१।१५ | स्काभेटर मेसिन समयमा नपाएको | २०८१/०२/३० |
| ४ | युँ बतासे वासिङ्थर्पु सडक निर्माण आमचोक-२ | २०८०।१२।३० | स्काभेटर मेसिन समयमा नपाएको | २०८१/०२/३० |
| ५ | हातिगौडे वमना सडक निर्माण आमचोक-२ | २०८०।१२।३० | स्काभेटर मेसिन समयमा नपाएको | २०८१/०२/३० |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/२५

अशोक राई
अध्यक्ष
०८१।१।२५

**निर्णय नं.२**
प्रस्ताव नं २ माथि छलफल भइ शिक्षा ज्योति आ.वि.पार्टेशनको लागि प्राविधिकको अनुमान वमोजिम जम्मा रकम रु.९३५००। मात्र। अल्या विविध शिर्षकवाट खर्च हुने गरी अमानतमा कार्य गर्न कार्यआदेश दिने ।

**निर्णय नं.३**
प्रस्ताव नं ३ माथि छलफल भइ नेपाल सरकार वित्तिय समानीकरण अनुदान र प्रदेश वित्तिय समानीकरण अनुदानको चौथो त्रैमासिकको रकम प्राप्त नहुने भएकोले हालसम्म पनि सम्झौता गर्न वाँकी योजनाहरुको सम्झौता नगर्ने । सम्झौता भइ कार्यसम्पन्न गरी निकासाको लागि पेश भएका आवेदनहरुमध्ये दर्ता टोकन सिस्टमको आधारमा भुक्तानी दिने ।

**निर्णय नं.४**
प्रस्ताव नं. ४ माथि छलफल भई चाइनाको Chengdu र Sichuan मा कृषि उत्पादन सामग्रीहरुको प्रदर्शनीको अवलोकन गर्न अध्यक्षज्यू जानुहुने भएकोले नियम वमोजिम भ्रमणमा लाग्ने खर्च नेपाल सरकार राजश्व अनुदानको भ्रमण खर्च शिर्षकवाट व्यहोर्ने गरी १० दिनको भ्रमण स्वीकृत गर्ने साथै भ्रमणको लागि रु.२५००००।(अक्षेरुपी दुइलाख पचासहजार) पेश्की उपलव्ध गराउने ।

**निर्णय नं.५**
प्रस्ताव नं ५ माथि छलफल भई मिति २०८०/११/१५ मा ठेक्का नं:ARM/WORKS/NCB/01/2080-081 "SIDHATHAN PARYATAN BIKAS AAYOJANA" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र दोभान निर्माण सेवा धनकुटा बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसायबाट पहिलो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन तयार गरि पेश भए वमोजिम तपशिल अनुसारको रकम भुक्तानी दिने ।

तपशिल

- सम्झौता रकमः रु. ६९,६२,८७३।६० ( मु.अ. क बाहेक)
- पहिलो रनिङ बिल बाटे आएको रकमः रु.११,२५,६२३।-
- मु.अ.क (१३ %) : रु.१,४६,३३०।९९
- PS: रु ५०,०००।-
- जम्मा रकम मु अ क र PS सहितः रु १३,२१,९५३।९९
- कन्टिनजेनसि (३%) : रु.३९,६५८।६१
- जम्मा खर्च रकमः रु. १३,६१,६१२।६०
- धरौटि कट्टि रकम(५%) : रु. ५६,२८१।१५
- अग्रिम आय कर (१.५%) :रु १६,८८४।३४
- अन्य कर : रु ४३,८९९।२९
- भुक्तानि हुने रकम : रु. १२,०४,८८९।२०

प्रमुख प्रशासकीय अधिकृत 2081/1/25

अशोक राई
अध्यक्ष
081/1/25

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई यस कार्यालयको असिस्टेन्ट सव ईन्जिनियर श्री प्रमोद राईले Bachelor in Civil Engineering को पहिलो सेमिस्टारको लागि परिक्षा दिनको लागि मिति २०८१ वैशाख २८ गते देखि जेष्ठ १८ गते सम्म जम्मा २२ दिनको विदा माग भए वमोजिम घर विदावाट कट्टा हुने गरी विदा स्वीकृत गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भइ १५ औं हिउँदे गाउसभावाट विनियोजित दाब्बुराङ्ग वनस्पती उद्यान सञ्चालन अनुदानको जम्मा रकम रु.१०००००। (एकलाख मात्र) समितिको निर्णय,हेरालुलाई दिएको नियुक्ति पत्र र हेरालुलाई दिएको पारिश्रमिकको आधारमा एकमुष्ठ भुक्तानी दिने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई तेश्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता तपशिल वमोजिमको मिति र स्थानमा वितरणको लागि वडा कार्यालयहरु मार्फत सेवा ग्राहिहरुलाई उपस्थितिको लागि सूचना आह्वान गर्ने । सामाजिक भत्ता वितरणमा लाग्ने व्यवस्थापन खर्च नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षकवाट उपलव्ध गराउने ।

**तपशिल**

| क्र.सं. | वडा | मिति | स्थान |
|---|---|---|---|
| १. | ८ | २०८१/०१/२६ | वडा कार्यालय, दिलापु |
| २. | ९ | २०८१/०१/२७ | वडा कार्यालय, दुम्माना |
| ३. | १० | २०८१/०१/२८ | वडा कार्यालय, पाङ्चा |
| ४. | ४ | २०८१/०१/२९ | सिद्धार्थ बैंक,शाखा कार्यालय, वालंखा |
| ५. | १ | २०८१/०१/३० | वडा कार्यालय, वासिङ्गथर्पु |
| ६. | २ | २०८१/०१/३१ | वडा कार्यालय, यूँ |
| ७. | ३ | २०८१/०२/०१ | वडा कार्यालय, थिदिंखा |
| ८. | ७ | २०८१/०२/०२ | वडा कार्यालय, वसाईगाउँ |
| ९. | ६ | २०८१/०२/०३ | वडा कार्यालय, वयाङ्ग |
| १०. | ५ | २०८१/०२/०४ | वडा कार्यालय, पावला |

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई गाउँपालिकामा रहेको व्याकहोलोडरको प्रयोग गरी सडकहरुको मर्मत गर्नको लागि नेपाल सरकार वित्तीय समानीकरण अनुदानको मर्मत सम्भार कोष शिर्षकवाट २८८० लिटर डिजल र कन्टिन्जेन्सी शिर्षकको डिजल र पेट्रोल खरीद शिर्षकवाट ७२० लि पेट्रोल खरीद गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई आमचोक गाउँपालिकाको सदरमुकाम सम्म ढुवानी भइ आएका रासायनिक मल कृषकहरुको सुविधालाई मध्येनजर गरी वडा र टोलसम्म गाउँपालिकाको ट्रयाक्टरद्वारा निशुल्क ढुवानी गरिदिने।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/२५

०८१/१/२५
अशोक राई
अध्यक्ष

**निर्णय नं.११**

प्रस्ताव नं.११ माथि छलफल भई हेभेन्लि निर्माणा पाथ जिल्ला शाखा भोजपुरलाई स्वास्थ्य शिविर सञ्चालनको लागि मिति २०८१ जेष्ठ २ गतेदिख ८ गते सम्म नया सामुदायिक भवन निशुल्क उपलव्ध गराउने ।

**निर्णय नं.१२**

प्रस्ताव नं.१२ माथि छलफल भई जन्तेढुङ्गा-४ डम्वर्खु शिवालय खोटाङ्गमा पुजा गरिने र आमचोक-४ वालंखा स्थित चण्डीडाँडामा धार्मिक मेला लाग्नेगरी वर्षको दुईपटक जेष्ठ महिनामा उभौली र मंसिर महिनामा उधौली पुजा गरिने सम्पूर्ण किराँत राई समूदायकै पुरानो र जेठो साकेन्वा मानिने ऐतिहाँसिक छौंखा साकेन्वा किराँत राईहरुको मात्र नभई यहाँका अन्य जातजाति र धर्मवलम्वीहरुको समेत आस्था र विश्वासको प्रतिकको रुपमा स्थापित भई धार्मिक पर्यटनको रुपमा विकास भईरहेको सन्दर्भमा यहि २०८१ जेष्ठ १४ गते सोमवारका दिन उभौली साकेन्वा पुजा परेकोले सो दिन यस गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरुलाई स्थानीय विदा दिने ।

**निर्णय नं.१३**

प्रस्ताव नं.१३ माथि छलफल भई शिक्षा विकास तथा समन्वय इकाइ भोजपुरको च.नं.७१३,मिति २०८१/१/१८ को पत्र अनुसार एसइइ परिक्षा सञ्चालनमा कमी कम्जोरी भएको भनि श्री चण्डेश्वर मा.वि.बालंखाको प्रधानाध्यापक एवं परिक्षा केन्द्रध्यक्ष श्री हर्कराज राई लाई प्रशासनीक,आर्थिक र परिक्षा सम्वन्धी कुनैपनि जिम्मेवारी नदिने गरि कारवाहि भएको पत्र प्राप्त भएकोले विद्यालयको पठनपाठन र अन्य प्रशासनीक कार्यहरुमा समेत समस्या पर्ने भएकोले अभिभावक भेलामार्फत अर्को प्रधानाध्यापक छनौट गर्नको लागि विव्यसलाई पत्रचार गर्ने ।

**निर्णय नं.१४**

प्रस्ताव नं.१४ माथि छलफल भई आमचोक गाउँपालिकाको आ.व. २०८०-८१ को स्वीकृत कार्यक्रमको बजेट अन्तर्गत "हात्तीपाईले मान्दुङमा खोला खानेपानी योजना (एक घर एक धारा कार्यक्रम) " कार्यको लागि बजेट बिनियोजन भएको भइ उक्त कार्यको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार आमचोक गा.पा. , मोरङ, सुनसरी र काठमाण्डौ जिल्ला को आ.व. २०८०-८१ को स्वीकृत जिल्ला दररेटको अधिनमा रही लागत अनुमान तयार गर्दा तपसिल बमोजिम आएकोले उक्त लागत अनुमान सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृत गरी उक्त कार्यको वोलपत्र आह्वान गर्ने ।

**तपशिलः**

| | |
|---|---|
| जम्मा लागत | रु ४,१८,९२,६३२।०१ |
| मु.अ.कर (१३%) | रु. ५४,४६,०४२।१६ |
| जम्मा लागत | रु. ४,७३,३८,६७४।१७ |
| कन्टिन्जेन्सी (३%) | रु. १४,२०,१६०।२३ |
| जम्मा खर्च रकम | रु. ४,८८,०९,८३५।३९ |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/२२

आमचोक गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८१/१/२२
अशोक राई
अध्यक्ष

**निर्णय नं.१६**

प्रस्ताव नं.१६ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को लागि गाउँसभावाट विनियोजित नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत भोजपुर नगरपालिका क्षेत्रभित्रको सहिद स्मृती भवन व्यवस्थापन अनुदान शिर्षकको रु.१०००००।(एकलाख मात्र) सहिद स्मृति प्रतिष्ठान नेपाल भोजपुरको निर्णय र समितिको अध्यक्षको निकासा मागपत्रको आधारमा सो समितिवाटै लागत अनुमान तयारी,निर्माण तथा मुल्याङ्कन समेत हुने गरी समितिको खातामा सोझै रकम भुक्तानी दिने ।

**निर्णय नं.१६**

प्रस्ताव नं.१६ माथि छलफल भई आमचोक गाउपालिकामा ट्याक्सि दुर्घटनामा परि मृत्यु भएको र आगलगीमा क्षेति भएको कारण तपशिल वमोजिमको आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक गाउँपालिका वडा नं ८,मयुङ्टारमा मिति २०८१ वैशाख १७ गते ट्याक्सि दुर्घटना भइ आमचोक १० निवासि शान्ति कला राई धरान घोपा क्याम्पमा र रुना राईको घट्ना स्थालमा मृत्य भएकोले सव दाह संस्कारको लागि मृतकको परिवारलाई नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता खर्च शिर्षकवाट रु.५००००/५००००। (पचास/पचासहजार) उपलव्ध गराउने ।

ख) आमचोक वडा नं ७ सिर्वानी टोल निवासी विपन दर्जिको घरमा मिति २०८१ वैशाख २० गते आग्लागी भइ घर र टहरो जली नष्ट भएको प्रहरी सरजिमिन मुचुल्का र वडा कार्यालयको सिफारिस प्राप्त भएकोले नेपाल सरका राजश्व अनुदानको उद्दार राहत तथा पुनस्थापना खर्च शिर्षकवाट रु,१००००।(अक्षेरुपी दशहजार) उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/२५

०८१/१/२५
अशोक राई
अध्यक्ष